नापी विभाग
बुलेटिन
Bulletin
चैत २०७४

पूर्वी क्षेत्रका ४३ वटा नापी तथा विशेष नापी कार्यालयका कार्यालय प्रमुखका लागि आयोजित

क्षेत्रीय गोष्ठी सम्पन्न

नापी विभाग अन्तर्गतका कार्यालयबाट सम्पादन हुने कार्य र प्रवाह हुने सेवामा चुस्तता तथा थप प्रभावकारिता ल्याउनका लागि नापी विभागले विषयगत तालिम, अभिमुखीकरण तालिम तथा गोष्ठी संचालन गर्दै आएको छ । यसै क्रममा नापी विभाग, कित्तानापी कार्यक्रम, नापी कार्यालय सुदृढीकरण कार्यक्रम अन्तर्गत गत चैत्र १२ देखि १३ गतेसम्म विराटनगरमा पूर्वाञ्चल विकास क्षेत्रका ४३ वटा नापी कार्यालयका प्रमुखहरूका लागि क्षेत्रीय गोष्ठी सम्पन्न भयो ।

गोष्ठी उद्घाटनका अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव गोपीनाथ मैनालीले नापी कार्यालय प्रत्यक्ष जनतासँग जोडिएको कार्यालय भएकाले सेवा प्रवाहलाई छिटो छरितो एवं प्रभावकारी तुल्याउन निर्देशन दिनुभयो । सचिव मैनालीले सबै नापी कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारीहरूले मात्र अपुग हुने समस्या रहेकाले करारमा कर्मचारी भर्ना गर्दा ठोस मापदण्ड बनाउन निर्देशन दिनुभयो ।

सचिव मैनालीले कार्यालय संचालनमा उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गर्न तथा जनप्रशासनसँग प्रत्यक्ष सम्बन्ध राख्ने नापीको अभिलेख प्रदेश तथा केन्द्रीय तहमा व्यवस्थित रूपले राख्न निर्देशन दिनुहुँदै स्थानीय तहमा विषयगत क्षमता विकास गरेर जाने तयारी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गरिरहेको जानकारी दिनुभयो ।

गोष्ठीमा नापी विभागका महानिर्देशक गणेशप्रसाद भट्टले असल काम गर्न कर्मचारीहरूलाई

बाँकी पृष्ठ ५ मा

भित्र

'कर्मचारीमा सेवा भावले काम गर्नुपर्छ भन्ने बोध हुनु आवश्यक छ'
अन्तर्वार्ता पृष्ठ ३

नापी विभागको कार्यक्षेत्र

पृष्ठ ६

बहुआयामिक कार्यमा नापी विभाग
पृष्ठ ७

नापी कार्यालयहरूबाट हुने सेवा प्रवाहमा प्रविधि रूपान्तरण
पृष्ठ ८

सम्पादकीय

नापनक्साको भूमिका

कृषि क्षेत्रको संरक्षण, वन सम्पदाको विकास, नगर तथा ग्रामीण क्षेत्रको विकास, विकास आयोजनाहरूको सञ्चालन, खनिज पदार्थको अन्वेषण, प्रशासनिक तथा सामाजिक सुव्यवस्था कायम गर्नेदेखि व्यक्तिगत सम्पत्तिको सुरक्षाको निमित्त समेत नापनक्साको भूमिका महत्वपूर्ण रहेको हुन्छ। साथै देशको आर्थिक तथा सामाजिक विकास, विकास आयोजनाहरूको योजना तर्जुमा गर्नका साथै त्यसको कार्यान्वयनको लागि पनि नापनक्साले ठूलो भूमिका खेलेको हुन्छ। जनताको जग्गा जमीनमाथिको हकलाई सुरक्षित गर्न र जग्गा प्रशासनलाई भरपर्दो एवं विश्वसनीय बनाइराख्न शुद्ध र तथ्यपरक भूमिलगत आवश्यकता पर्दछ। यी तथ्यहरूलाई मनन् गर्दै देशको क्रमबद्ध नापनक्सा गरी नक्सा, श्रेस्ता तयार पार्न तथा राष्ट्रिय नापनक्सा निकायको रूपमा कार्य गर्ने उद्देश्यका साथ वि.सं. २०१४ सालमा नापी विभागको स्थापना भएको थियो। देशको राष्ट्रिय नापनक्सा निकायको रूपमा देशमा सेवा प्रवाह गर्दै आएको यस विभागले एकातर्फ विकास निर्माण, नीति निर्माण, योजना तर्जुमा एवं कार्यान्वयन तथा अध्ययन अनुसन्धान कार्यका लागि आवश्यक पर्ने विभिन्न प्रकारका नक्सा तथा भौगोलिक सूचनाहरू उत्पादन गरी सर्वसुलभरूपमा उपलव्ध तथा वितरण गर्ने कार्य गर्दै आएको छ। अर्कोतर्फ जग्गा प्रशासनका लागि आवश्यक पर्ने भूमि लगत तयार गर्ने, सुरक्षा गर्ने, भण्डारण गर्ने, अद्यावधिक गर्ने र समयानुकुलको प्रविधि अवलम्बन गर्दै जग्गा प्रशासन कार्यमा प्राविधिक सहयोग गर्दै आइरहेको छ।

सर्वसाधारण नेपाली जनताको प्रत्यक्ष हकभोगसँगै जोडिएको कित्तानापीको नापनक्सा र यसको अद्यावधिक गर्ने महत्वपूर्ण जिम्मेवारी नापी विभागसँग रहेको छ। जमीनको विषयलाई लिएर हुने झैझगडा र मुद्दा मामिलालाई कम गरी समाजमा शान्ति अमनचयन र सामाजिक सद्भाव विकास गर्न शुद्ध कित्तानापी अपरिहार्य भइसकेको छ। यस्तो अवस्थामा नापनक्साका विद्यमान प्रविधिमा सुधार गरी छिटो छरितो रूपमा शुद्ध र प्रभावकारी कित्तानापी पद्धतिको विकास गर्नु आवश्यक छ। देशका सम्पूर्ण जनताले हकभोग गर्दै आएको जग्गा जमीनको नापनक्सा तयार गरी भूमिलगत तयार गर्ने कार्य सामान्य काम अवश्य पनि होइन। अर्कोतर्फ पूर्वाधार विकास र विकास निर्माणको गतिलाइ तीब्र बनाउनु हाम्रो देशको अनिवार्य आवश्यकता भइसकेको छ। विकास परियोजनाहरू नापनक्सा बिना संचालन हुनसक्ने सम्भावना नै हुँदैन। यस्तो परिस्थितिमा मुलुकको नापनक्साका लागि नियन्त्रण विन्दु स्थापना गर्ने, ग्राभिटी सर्भे गर्ने, जी.पी.एस. सर्भे गर्ने तथा स्थलरूप आधार नक्सा तथा अन्य स्थलरूप नक्साका साथै विभिन्न प्रशासनिक कार्य पनि नापी विभागले गर्दै आएको छ।

हाल नापनक्सा तथा भौगोलिक सूचनाका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संघ संस्था तथा पेशागत संगठनहरूसँगको आवद्धता, विकास र विस्तार भैरहेकोले ती निकायहरूसँग समेत सहकार्य गरी यस क्षेत्रमा समयसापेक्ष प्रविधि अवलम्बन तथा पेशागत विकासका क्षेत्रमा काम गर्नुपर्ने थप जिम्मेवारी बहन गर्नुपर्ने भएको छ। स्थापनाकालदेखि आजको अवस्थासम्म आइपुग्दा प्रविधि रूपान्तरण, पेशागत विकास तथा नापनक्साको क्षेत्रमा भएको विकासका दृष्टिकोणले नापी विभागले महत्वपूर्ण प्रगति हासिल गरेको मान्न सकिन्छ। साथै विज्ञान र प्रविधिमा भएको तीब्र विकाससँगै शुरूमा मुख्यतया कित्ता नापीमा मात्र सीमित नापी विभागको कार्यक्षेत्र, भूमिका र चुनौतीहरू फराकिलो हुँदै गएका छन्।

नवीनतम् पद्धति र प्रविधिको उच्चतम् प्रयोग गर्दै नापनक्साको कामलाई प्रभावकारी रूपले संचालन गर्दै आएको नापी विभागका समग्र काम कारवाही, योजना, कार्यक्रम, रणनीति लगायतका विषयमा सम्बन्धित सबैलाई सुसूचित गर्ने उद्देश्यले नापी विभागले विद्युतीय बुलेटिन प्रकाशन गर्दै आएको छ। यसबाट सेवाग्राहीका साथै सरोकारवालाहरू लगायत सबै लाभान्वित हुने छन् भन्ने यस विभागको विश्वास छ।

–गोपीनाथ मैनाली
सचिव, कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय

‘कर्मचारीमा सेवा भावले काम गर्नुपर्छ भन्ने बोध हुनु आवश्यक छ’

अन्तर्वार्ता

भूमि व्यवस्थापन मात्र हेर्ने मन्त्रालयले अहिले भूमि व्यवस्था सहित कृषि र सहकारीको जिम्मा पाएको छ। यस सन्दर्भमा अब भूमि व्यवस्थापनलाई मन्त्रालयले कसरी अघि बढाउँछ ?

हाल साबिकका कृषि मन्त्रालय, पशु विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सहकारी मन्त्रालय एउटै मन्त्रालयमा गाभिएका छन् । मन्त्रालयहरू गाभिए पनि कतिपय कामहरू स्थानीय तह र प्रदेशमा जाने भएकाले मन्त्रालयको संरचना सानो हुन्छ । केन्द्रले नीति निर्माण, नियमन र अनुगमनको कार्य गर्नुपर्ने भएकाले हामी सोही अनुरूपको संरचना बनाउन लागेका छौँ । विद्यमान ऐनको प्रावधान, संविधानको स्प्रिडको आधार, नेपाल सरकारको कार्य विस्तृतीकरणको प्रतिवेदन र स्थानीय तह संचालन ऐन तथा केही संघीय कानुनले निर्दिष्ट गरेअनुरूप काम गर्ने तारतम्य हामीले मिलाएका छौ ।

संघीय संरचनामा मुलुक गइसकेको छ, अब नापीका कार्यहरू कसरी अघि बढ्ला ?

संविधानमा उल्लेख भए अनुसार भूमिको अभिलेख, भू-सूचनाका विषयहरू प्रदेश तहमा र लालपुर्जा वितरणका कार्यहरू स्थानीय तहमा राखिएका छन् । यो प्राविधिक विषय पनि हो ।

प्रविधिको प्रयोगलाई सजिलै स्वीकार गर्न नसक्ने प्रवृति, कर्मचारीको अभाव आदिका कारण पनि यस्ता गुनासाहरू आएका हुन् । यस्ता गुनासाहरू क्रमिक रूपमा हट्दै जाने छन्

त्यसैले संविधानले निर्दिष्ट गरेअनुरूप क्षमता प्रणाली विकास गरेर हस्तान्तरण गर्छौं । भूमि तथा जग्गा प्रशासनका विषयमा केही पूर्वाधारको विकास गरी स्थानीय तहलाई हस्तान्तरण गरिने छ ।

स्थानीय तहमा जग्गा जमीनको अभिलेख राख्ने लगायतका सेवा कसरी प्रवाह हुन्छ ?

स्थानीय तहमा मालपोत, रजिष्ट्रेशनलगायतका कार्यहरू पर्छन् । यी काम स्थानीय तहको मातहतमै हुन्छ । यसको एकीकृत भू-सूचना केन्द्रमा पनि हुन्छ र प्रदेशले त्यसको अभिलेख राख्छ । संविधानले स्पष्ट गरिदिएको छ कि जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू स्थानीय सरकारले सम्पादन गर्ने र त्यसको नीति, नियामक, मापदण्ड आदि संघीय सरकारले गर्ने छ । यही संविधानबमोजिम हामीले कार्य अघि बढाएका छौं ।

भूमि प्रशासनलाई प्रविधिमैत्री वनाउन मन्त्रालय कसरी अघि बढेको छ ?

वास्तवमा भूमि प्रशासन जनताको प्रत्यक्ष सरोकारसँग जोडिएको विषय भएकाले यसमा गुनासाहरू पनि थुप्रै छन् । त्यसैले हामीले यसलाई प्रविधिमैत्री बनाउन खोजिरहेका छौं । मानिसको स्वविबेकभन्दा पनि प्रविधिको प्रयोगमा जोड दिएका छौ । केही ठाँउहरूमा त भूमि प्रशासनलाई प्रविधिमैत्री बनाउने कार्य शुरू भइसकेको छ र बाँकी अन्य जिल्लाहरूमा पनि यसलाई प्राथामिकता दिएका छौ । अब यस प्रणाली स्थानीय तहमा हस्तान्तरण हुदाँ जनगुनासाहरू अन्त्य हुँदै जाने छन् ।

सरकारी जग्गाहरू व्यक्तिको नाममा गएका उदाहरणहरू छन्, यसतर्फ मन्त्रालयले के गरिरहेको छ ?

मन्त्रालयले केही जिल्लामा व्यवस्थित बसोवास आयोग गठन गरेको छ । नेपाल सरकारले ४६ हजार बिघा जग्गा त सुकुम्बासीका नाममा वितरण गरिसकेको छ । सुकुम्बासी समस्या समाधानका लागि १२ वटा आयोग गठन भैसकेको रहेछन् । तर आयोग गठन गरेर मात्रै भूमिसम्बन्धी समस्या समाधान नहुने ठानी व्यवस्थित बसोवास आयोगमार्फत सूचना संकलन गरी व्यवस्थापन गर्ने र संघीय संरचनामा हामी कसरी जाने भन्नेमा समेत छलफल जारी छ । स्वामित्व हस्तान्तरण नगरी भोगाधिकार दिने भन्नेमा पनि छलफल अघि बढेको छ । अब चाँडै यस सम्बन्धी कानुनको मस्यौदा पनि हामी तयार गर्दैछौं ।

भूमि प्रशासनमा सास्ती छ, रकम नबुझाई काम हुँदैन भन्ने गुनासो छ नि ?

कर्मचारीमा सेवा भावले काम गर्नुपर्छ भन्ने बोध हुनु आवश्यक छ । अर्को कुरा प्रविधिको प्रयोगलाई सजिलै स्वीकार गर्न नसक्ने प्रवृति, कर्मचारीको अभाव आदिका कारण पनि यस्ता गुनासाहरू आएका हुन् । यस्ता गुनासाहरू क्रमिकरूपमा हट्दै जाने छन् ।

क्षेत्रीय गोष्ठी सम्पन्न...

प्रोत्साहन गर्न र कार्यसम्पादन फारम ध्यान दिएर भर्न लगाउन सबै नापी कार्यालयका प्रमुखहरूलाई आग्रह गर्नुभयो । महानिर्देशक भट्टले निर्देशिका विरूद्ध काम गर्ने कर्मचारीलाई कारवाही गर्ने बताउनुभयो । कार्यक्रममा, नापी कार्यालय सुदृढीकरण कार्यक्रमका प्रमुख एवं निर्देशक (प्रा.) अनिल मरासिनीले अभिलेख प्रणालीलाई व्यवस्थित गर्नका साथै कम्प्युटर प्रणालीबाट सेवा प्रवाह, सरकारी जग्गाको अभिलेख व्यवस्थापन र बेरूजु फछ्र्यौट जस्ता विषयमा प्रभावकारिता ल्याउन गोष्ठी आयोजना गरिएको बताउनुभयो ।

मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी विशेष अतिथि रहनुभएको कार्यक्रममा नापी विभागका उपमहानिर्देशक मोहम्मद साविर हुसेन तथा मालपोत कार्यालय, मोरङका प्रमुख, नापी विभागका प्रमुख लेखा नियन्त्रक शिवहरि कोइराला र नापी विभागका निर्देशक प्रविणमान प्रधान उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमको संचालन नापी विभागका प्राविधिक निर्देशक दामोदर ढकालले गर्नुभएको थियो भने कार्यक्रममा नापी कार्यालय, सप्तरीका प्रमुख विजय महतोले गोष्ठीमा सहभागी भएकाहरूलाई स्वागत मन्तव्य दिनुभएको थियो ।

गोष्ठीमा सहभागी पूर्वाञ्चल क्षेत्रका ४३ वटा नापी कार्यालयका कार्यालय प्रमुखहरूले आ-आफ्नो कार्यालयका काम कारवाहीका बारेमा प्रस्तुति गर्नुभएको थियो । त्यस क्रममा उहाँहरूले नक्सा श्रेस्ताको वर्तमान अवस्था र संरक्षणमा कार्यालयले अवलम्बन गरेका उपायहरू, सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन चालिएका कदमहरू, कार्यालयबाट सम्पादन हुने कामलाई व्यवस्थित बनाउन कार्यालय प्रमुखले आफ्नै पहलमा गरेका प्रयासहरूका बारेमा प्रस्तुति गर्नुभएको थियो ।

साथै, कार्य सम्पादनका क्रममा भोग्नुपरेका विभिन्न प्राविधिक, प्रशासनिक, आर्थिक र कानुनी समस्या तथा अनधिकृत व्यक्तिहरूका कारणले भोग्नुपर्ने समस्या र कार्यालयका कर्मचारीहरूका लागि नियमित तालिम संचालन गरी क्षमता वृद्धि गर्न र डिजिटल डाटाको सन्दर्भमा कार्यालयको स्तर बढाउन विभागले अहम् भूमिका खेल्नुपर्ने लगायतका विषयहरू समेत प्रस्तुतीकरणम समेटिएका थिए ।

गोष्ठीमा कित्ताकाट लगायतका मापदण्ड कार्यान्वयनको अवस्था, कार्यालयबाट भएका असल अभ्यासहरू, निर्देशिका कार्यान्वयनको अवस्था, कार्यालयका मुख्य समस्या, डिजिटल डाटा रूजु अद्यावधिकको स्थिति र नापनक्सा भएको लामो समयसम्म पनि पूर्जा वितरण हुन नसकेको अवस्था लगायतका विषयमा विस्तृत छलफल भएको थियो ।

गोष्ठीमा नापी कार्यालयहरू चन्द्रगढी झापा, दमक झापा, इलाम, पाँचथर, ताप्लेजुङ, चैनपुर, खाँदबारी, भोजपुर, दिङ्ला, तेह्रथुम, खोटाङ, खोटाङबजार, ओखलढुङ्गा, सोलुखुम्बु, रङ्गेली, विराटनगर, बेलबारी, धरान, इनरूवा, रामेछाप, सिन्धुली, दोलखा, उदयपुर, कटारी, लहान, सिराहा, सप्तरी, कञ्चनपुर, सप्तरी, ढल्केवर, धनुषा, महोत्तरी, बरथहवा, हरिवन, मौलापुर, गौर, पर्सा, बारा, सिम्रौनगढ, धनकुटा, गरूढा, संक्रान्तिबजार, मंगलबारे र मलंगवाका कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।

जनताको अचल सम्पतिको रूपमा रहेको कित्तानापी नक्सा तथा यससँग सम्बन्धित श्रेस्ताहरूको संग्रह संरक्षण, अद्यावधिक राख्ने कार्यका साथै नापी गोश्वाराको विघटनपछि विभिन्न नापी कार्यालयहरूले पुनः नापी तथा गाउँ ब्लक नापीका पनि कार्य गर्दै आइरहेका छन् । यसको अर्थ जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय भनेको जिल्लास्थित नापी कार्यालय नै हुन् । नापी कार्यालयबाट सम्पादन हुने कार्य र प्रवाह हुने सेवा छिटो, छरितो, भरपर्दो, विश्वासिलो र प्रभावकारी बनाउन सकेको खण्डमा मात्र सेवाग्राहीको मन जित्न र सकारात्मक दृष्टिकोणको विकास गर्न सकिन्छ भन्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको हो ।

नापी कार्यालयबाट सम्पादन हुने कार्य र प्रवाह हुने सेवा छिटो, छरितो, भरपर्दो, विश्वासिलो र प्रभावकारी बनाउन सकेको खण्डमा मात्र सेवाग्राहीको मन जित्न र सकारात्मक दृष्टिकोणको विकास गर्न सकिन्छ भन्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको हो

विभागको सन्दर्भमा जनताको मन जित्न सकिने आधार भनेकै नापी कार्यालयबाट सम्पादन हुने कार्यहरू हुन् । यसै कारण जिल्लास्थित नापी कार्यालयका प्रमुखहरूलाई विभिन्न प्रशासनिक एवं व्यवस्थापनसम्बन्धी दक्षता विकास गर्नका लागि आर्थिक प्रशासन तथा लेखा संचालन सम्बन्धमा थप जानकारी दिने र विविध कानुनी एवं प्राविधिक विषयमा क्षमता अभिवृद्धि गर्ने समेत गोष्ठीको उद्देश्य रहेको छ । यसका साथै जिल्लागत रूपमा उत्पन्न भएका विभिन्न समस्या र परिस्थिबारे गहन र घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट उपयुक्त समाधानका उपायहरूको खोजी गर्ने उद्देश्यले समेत गोष्ठी आयोजना गरिएको हो ।

जिल्लास्थित कार्यालयका प्रमुखहरूलाई विभागमै बोलाएर गोष्ठी संचालन गर्दा उहाँहरू कार्यालयमा धेरै दिनसम्म अनुपस्थित रहनुपर्ने भई कार्यालयको काममा असहजता हुने लगायतका कारणले नापी विभागले भौगोलिक रूपमा पायक पर्ने कार्यालयको छनौट गरी क्षेत्रीयस्तरमै यस किसिमका गोष्ठी संचालन गर्दै आएको छ ।

नापी विभागको कार्यक्षेत्र

राष्ट्रिय नापनक्सा निकायको भूमिका निर्वाह गरिरहेको नापी विभागलाई तोकिएको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम रहेको छ :

(क) देशव्यापी रूपमा National Geodetic Control को स्थापना गर्ने । खगोलीय सर्भेक्षण गर्ने ।

(ख) प्राकृतिक विपत्तिको पूर्वअनुमान गर्न Crustal Movement को अध्ययन एवं अनुसन्धान गर्ने ।

(ग) देशको स्वरूप सुहाउँदो प्रक्षेपण प्रणाली जिओइड/इलिप्सोइड परिभाषित गर्ने ।

(घ) कित्तानापी गरी देशको जग्गा प्रशासन तथा व्यवस्थापनको लागि भूमिलगत तयार गर्ने तथा यसरी तयार गरिएको भूमि लगतलाई अद्यावधिक गर्ने ।

(ङ) अन्तर्राष्ट्रिय सीमाको सर्भेक्षण गरी सीमानक्सा तयार गर्ने तथा नेपाल सरकारलाई अन्तर्राष्ट्रिय सीमासम्बन्धी विषयमा प्राविधिक सेवा उपलब्ध गराउने ।

(च) विभिन्न प्रकार तथा माननापका नक्सा, भौगोलिक सूचनाहरू (स्थलरूप नक्साहरू, प्रशासनिक नक्साहरू, विषयगत नक्साहरू (Thematic Maps) र विभिन्न नक्सासँग सम्बन्धित डिजिटल डाटा, हवाई फोटो आदि) उत्पादन तथा अद्यावधिक गरी सर्वसुलभ रूपमा उपलब्ध गराउने ।

(छ) नापनक्सा तथा भौगोलिक सूचना उत्पादनको क्षेत्रमा एकरूपता कायम गर्न तथा त्यस्ता कार्यहरूलाई राष्ट्रिय हित विपरित हुन नदिन आवश्यक नियन्त्रण एवं नियमन गर्ने ।

(ज) नेपालमा Surveying, Mapping र GIS Activities सम्बन्धी कार्यहरूको संयोजन गर्ने ।

(झ) विकाससँग सम्बन्धित आयोजना, शैक्षिक, प्रशासनिक तथा अनुसन्धानमूलक संघ संस्थाहरूलाई Maps, Aerial Photograph, Geographical एवं Geodetic Data र अन्य आवश्यक सूचनाहरू उपलब्ध गराउने ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयअन्तर्गत रहेको यस विभागलाई तोकिएको प्रमुख कार्यक्षेत्रका आधारमा विभाग अन्तर्गत ४ वटा महाशाखा, देशभर १३१ वटा नापी कार्यालय र ५ विशेष नापी कार्यालयहरू र एउटा डिजिटल नापी कार्यालय रहेका छन् । स्थापनाकालदेखि हालसम्म नापी विभाग तथा यसअन्तर्गतका निकायहरूमार्फत नापनक्साको क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको पाइन्छ ।

बहुआयामिक कार्यमा नापी विभाग

नापी विभागको कार्य कित्तानापीमा मात्र सीमित छैन । दैनिक जीवनसँग जोडिएको कित्तानापीको कार्य भए पनि विभाग अर्न्तगतका विभिन्न महाशाखाहरूले कित्ता नापीबाहेकका कार्यहरू गर्दै आएका छन् । हाल विभाग अर्न्तगत ४ महाशाखाहरू रहेका छन । ती महाशाखाहरूमा कित्ता नापी महाशाखा, खगोल तथा भू-मापन महाशाखा, स्थलरूप नापी महाशाखा र राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार महाशाखा रहेका छन् ।

आम नागरिकको महत्वपूर्ण सम्पत्तिको रूपमा रहेको जग्गा जमीनको संरक्षण गर्ने कार्य मात्र होइन, भौगोलिक सूचनाहरूको उत्पादन एवं प्रशोधन गर्ने कार्य पनि विभाग अन्तर्गत हुँदै आएको छ । ठूला ठूला विकासका कार्य गर्दा आइपर्ने तथ्याङ्कीय भौगोलिक सूचनाहरूदेखि राष्ट्रिय सीमासम्बन्धी आइपर्ने महत्वपूर्ण कार्य समेत विभाग अर्न्तगत नै हुने गर्दछ ।

कित्तानापी महाशाखा

नापी विभाग अन्तर्गतको सबैभन्दा बढी जनतासँग प्रत्यक्ष सरोकार राख्ने महाशाखा हो- कित्तानापी महाशाखा । वैज्ञानिक प्रणालीद्वारा भूमिलगत तयार गर्नेदेखि आम नागरिक र सार्वजनिक जग्गाहरूको लगत राख्ने कार्य यस महाशाखाले गर्ने गरेको छ । देशभरिको एकसरो नापीको सम्पूर्ण कार्य यस महाशाखाले सम्पन्न गरिसकेको छ ।

स्थलरूप नापी महाशाखा

यस महाशाखाले २०३० सालमा स्थलरूप नापी एकाईको रूपमा स्थापना भएपछि महाशाखाको रूप पाएको हो । सुरूमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) मार्फत नापीसम्बन्धी उपकरण सहयोगस्वरूप प्राप्त भएपछि स्वदेश तथा विदेशमा तालिम प्राप्त दक्ष जनशक्ति मार्फत लुम्विनी क्षेत्रको स्थलरूप नक्सा तयार गर्ने कार्य यस महाशाखाले गरेको हो । ठूला विकास आयोजनाको र प्रशासनिक नक्सा तयार गर्ने यस महाशाखाको महत्वपूर्ण कार्य हो ।

देशको अन्तर्राष्ट्रिय सीमाहरू अद्यावधिक गर्ने कार्य पनि यस महाशाखाले गर्दछ ।

खगोल तथा भू-मापन महाशाखा

यस महाशाखाको स्थापना सन् १९७० को सेप्टेम्बर २५ मा भएको हो । शुरूमा Trigonometrical नापी एकाईका रूपमा रहेको यस महाशाखाले पछि महाशाखाको रूप पाएको हो । यस महाशाखाले राष्ट्रको Traingulation केन्द्र स्थापनाको कार्य गरेको छ । यस महाशाखाले विशेष गरी खगोलीय सर्वेक्षणका कार्यहरू गर्ने गरेको छ । देशको Cadastral जानकारीसहित भू-जानकारी उत्पादन गर्ने गर्दछ । हाल Cadastral सर्भेक्षण ४७ जिल्लामा सम्पन्न भइसकेको छ भने बाँकी जिल्लामा पनि सक्ने तयारी गरिएको छ ।

राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार महाशाखा

राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार कार्यक्रमबाट केही समयअघि मात्र यो महाशाखामा परिणत भएको हो । भौगोलिक तथ्याङ्कहरूको उत्पादन एवं प्रशोधन यस महाशाखाले गर्दै आएको छ । विशेषगरी राष्ट्रिय तथ्याङ्क विभागले जारी गरेका तथ्याङ्कमा आधारित भएर यसै अनुरूपका नक्साहरू प्रकाशित गर्ने गरेको छ ।

आगामी दिनमा देश विकासका लागि देशले खोजेका डाटा तथा नक्साहरू पस्किन नापी विभाग सक्षम पनि छ । अबको संघीयतामा ८० प्रतिशत जनताले बुझेको नापी सात प्रदेश र स्थानीय सरकारमा जोडिसकेपछि केन्द्रीय सरकारले देशको विकासका लागि आवश्यक पर्ने डाटाहरू पूरा गर्ने जिम्मेवारी पनि यस विभागलाई नै आउने छ ।

अबको संघीयतामा ८० प्रतिशत जनताले बुझेको नापी सात प्रदेश र स्थानीय सरकारमा जोडिसकेपछि केन्द्रीय सरकारले देशको विकासका लागि आवश्यक पर्ने डाटाहरू पूरा गर्ने जिम्मेवारी पनि विभागलाई नै आउने छ

विभागले यसै आर्थिक वर्षमा सगरमाथाको उचाइ नाप्ने लक्ष्य राखेको छ । नापी विभाग आफैँले सगरमाथाको उचाइ नापेर विश्वसामु सगरमाथाको स्ट्याण्डर्ड उचाइ उपलब्ध गराउने छ ।

हाइड्रोपावरको निकै सम्भावना रहेको हाम्रो देशमा अहिलेसम्म डिजिटल ट्रेन मोडेल दिन सकेका छैनौं । त्यसका लागि पनि विभाग प्रयासरत छ । टोपोग्राफिक नक्साहरू २० वर्ष पुराना भइसकेका छन् । तिनलाई अद्यावधिक गर्न लार्जर स्केलमा लैजान क्लासिक सर्भे र रि-इञ्जिनियरिङतर्फ विभागले जोड दिएको छ । यसरी साधारण अर्थमा जग्गाको नापजाँच र कित्ता काट गर्ने काम मात्र विभागको देखिने गरे पनि विभागले बहुआयामिक क्षेत्र ओगटेको छ ।

नापी कार्यालयहरूबाट हुने सेवा प्रवाहमा प्रविधि रूपान्तरण

नेपालको जग्गा प्रशासन प्रणाली परम्परागत पद्धतिमा आधारित रहेको छ। जसका कारण सर्वसाधारण जनतालाई उपलब्ध गराउनुपर्ने सेवा सुविधाहरूलाई समय सापेक्ष प्रभावकारी तुल्याउन सकिएको छैन। सेवाग्राहीहरूले कार्यालयमा अनावश्यक रूपमा सेवा लिन पर्खिनु पर्ने, कार्यालयको कार्यसम्पादनमा ढिलासुस्ती हुने र महत्वपूर्ण अभिलेखहरूको समुचित भण्डारण हुन नसक्दा हराउने, नासिने, जीर्ण हुने अवस्था रहने, राज्यलाई आवश्यक भएको भूमिसम्बन्धी तथ्याङ्कलाई यथार्थपरक ढंगले विश्लेषण गर्न नसकिने जस्ता विविध समस्याहरू नेपालको जग्गा प्रशासन प्रणालीले व्यहोर्नु परिरहेको छ।

यस परिप्रेक्ष्यमा नवीनतम प्रविधिको उपयोग गरी सेवा सूचना प्राप्त गर्ने सेवाग्राहीहरूको मागलाई परिपूर्ति गर्न नापी विभागले थप क्रियाशील भई संस्थागत विकास, प्रविधि रूपान्तरण तथा तदनुकुलको जनशक्ति विकास र नापनक्सा तथा जग्गा प्रशासनका सम्पूर्ण सेवा सूचनाहरूलाई सरल, सहज, गुणस्तरीय बनाउन सम्पूर्ण प्रयास गर्नु आवश्यक छ।

नापी विभाग अन्तर्गतका नापी कार्यालयहरूबाट हुने सेवा प्रवाहमा पनि अनावश्यक ढिलासुस्ती हुने, नक्सा प्रिन्ट उपलब्ध गराउन घाम पर्खिनु पर्ने, बजारमा कमसलखालको नक्सा तयार गर्ने सामग्रीहरू जस्तै नक्सा सीट, कलम तथा मसी मात्र उपलब्ध हुने भई यस्ता सामग्रीहरू प्रयोग भई तयार भएका नक्साहरू अस्पष्ट हुँदै जाने, च्यात्तिने, नासिने, फिल्डबुक, प्लटरजिष्टर जस्ता महत्वपूर्ण अभिलेखहरू दिनानुदिन प्रयोगमा आउने भई जीर्ण हुँदै जाने, नासिने, च्यातिने, र सबैभन्दा महत्वपूर्ण कुरा यी नक्सा तथा कागजातहरूको अद्यावधिक अभिलेखको प्रतिलिपि (Backup) नहुने जस्ता समस्याहरू विद्यमान रहेका छन्।

यी समस्याहरूको समाधानका लागि सूचना तथा संचार प्रविधिको क्षेत्रमा भएको नवीनतम विकासले उपलब्ध गराएका अवसरहरूलाई आजसम्म पनि उपयोगमा ल्याउन सकिएको छैन। तसर्थ यी अवसरहरूलाई उपयोग गरी नापी कार्यालयहरूबाट प्रवाह हुने सेवासुविधालाई चुस्त, किफायती, सहज, सरल र प्रभावकारी बनाउनका निमित्त सेवासुविधा प्रवाह गर्ने मौजुदा पद्धतिमा रूपान्तरण गर्नु आवश्यक भएको छ।

नापी कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सरल, सहज एवं प्रभावकारी बनाउन सकिएमा सर्वसाधारण नागरिकहरूको अपेक्षा बमोजिमको सेवा प्रदान गर्न सकिने छ। नापी कार्यालयहरूमा डिजिटल प्रविधि लागू गर्नुपर्ने आवश्यकताको महसुस धेरै अघिदेखि भएको देखिन्छ। नेपाल सरकारको सातौं पञ्चवर्षीय योजना अवधिदेखि यसतर्फ विभिन्न प्रयासहरूको थालनी भएको पाइन्छ। यसैको फलस्वरूप वि.सं. २०५७ सालमा भूमिसुधार तथा व्यवस्था मंत्रालय अन्तर्गत भू-सूचना तथा अभिलेख विभाग स्थापना भएको छ। उक्त विभागको प्रमुख उद्देश्य भू-सूचना प्रणालीको विकास गर्नुका साथै भूमिलगतको केन्द्रीय अद्यावधिक अभिलेख राख्नु हो। सो विभागबाट नापी कार्यालयहरूमा रहेका कित्तानापी नक्साहरूको डिजिटाइजेसन र फिल्डबुकहरूको स्क्यानिङ गर्ने कार्य सम्पन्न भइसकेको छ।

सूचना तथा संचार प्रविधिको क्षेत्रमा भएको नवीनतम विकासले उपलब्ध गराएका अवसरहरूलाई उपयोग गरी नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा सुविधालाई आधुनिक बनाउनको निमित्त कित्तामा आधारित भू-सूचना प्रणालीको विकास गरिनु पर्दछ। यस प्रणालीको विकासबाट नै सेवा प्रवाहलाई प्रभावकारी, चुस्त, पारदर्शी एवं किफायती बनाउन सकिन्छ। कित्तामा आधारित भू-सूचना प्रणालीको विकास गर्नको निमित्त यस प्रणालीमा आवद्ध गरिने डाटा अत्यन्त शुद्ध एवं पूर्ण हुनु पर्दछ। डाटाको गुणस्तर कायम राख्न डिजिटलाइजेसनका क्रममा पूरै कार्यको शत्प्रतिशत जाँच हुनुपर्ने हुन्छ। शतप्रतिशत रूजु हुननसकेका डाटालाई कार्यान्वयनमा ल्याउनुपूर्व यसको पूर्णता तथा शुद्धताको परीक्षण नगरी कार्यान्वयनमा ल्याइएमा सेवा प्रवाह अवरूद्ध हुन सक्ने देखिन्छ। तसर्थ नापी कार्यालयहरूले डिजिटल प्रविधिबाट सेवा प्रवाह गर्दा कार्यालयमा रहेका डिजिटल डाटाहरूको शुद्धता तथा पूर्णता सुनिश्चित गर्नु आवश्यक छ।

नापी कार्यालयहरूमा कार्यरत अधिकांश कर्मचारीको डिजिटल प्रविधि ज्ञानमा कमी रहेको अवस्था छ। कम्प्यूटरमा सामान्य साक्षर समेत नभएका अधिकांश कर्मचारीहरूलाई छोटो अवधिको तालिमबाट क्षमता अभिवृद्धिको सम्भावना पनि चुनौतीपूर्ण रहेको छ। अर्कोतर्फ कार्यसम्पादनको क्रममा प्रणालीमा समस्या उत्पन्न भएमा सोको निरूपण गर्न सक्ने कर्मचारीको व्यवस्था भइसकेको छैन। तसर्थ सेवा प्रवाहमा संलग्न रहने कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा विशिष्टीकृत कार्यका लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नु अत्यन्त जरूरी रहेको छ। डिजिटल प्रविधि अवलम्बन गर्नको निमित्त उच्च क्षमताका कम्प्युटरहरू, नेटवर्किङ, सफ्टवेयर, पावर व्याकअप लगायत अन्य विभिन्न भौतिक पूर्वाधारको व्यवस्थाका साथै उक्त पूर्वाधारको नियमित मर्मत संभारको समुचित व्यवस्था गरिनु पर्दछ। यसका अतिरिक्त कार्यालय भवनहरूमा उपयुक्त लेआउटसहितको कार्यकक्षहरूको व्यवस्था अत्यन्त जरूरी रहेको छ।